नेपाल सरकार
अर्थ मन्त्रालय, भन्सार विभाग
# भैरहवा भन्सार कार्यालय
वेलहिया, रुपन्देही

फोन नं. ०७१–४१८००३
फ्याक्स नं. ०७१–४१८०२६

## सवारी साधन लिलाम सम्वन्धी सूचना

( पहिलो पटक सूचना प्रकाशित मिति २०७२।०२।११)
(दास्रो पटक सूचना प्रकाशित मिति २०७२।०४।१४)

यसमा मिति २०७२।२।११ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा यस कार्यालयको सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धी  सूचना प्रकाशित गरिएकोमा तपसिलमा उल्लेखित सवारी साधनहरु लिलाम विक्री हुन नसकेकोले भन्सार ऐन २०६४ को नियम ३६ को उपनियम (५) बमोजिम तपसिलमा उल्लेखित सवारी साधनहरु लिलाम विक्री गरिने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलमा उल्लेखित सर्तहरुको अधिनमा रहने गरी गोप्य सिलवन्दी बोलपत्र आव्हान गरिएको छ। वोलपत्र फाराम यस कार्यालयको मुद्दा शाखाबाट खरिद गर्न सकिने छ। साथै आफूले कबोल गरेको रकमको १०% ले हुने रकम राष्ट्रिय वाणिज्य बैंक, सुख्खाबन्दरगाहा शाखा भैरहवा (बेलहिया) रुपन्देहीमा रहेको ३४९०२११०००१११ नं. एकल धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर सिलबन्दी वोलपत्रसाथ पेश गर्नु पर्नेछ। अन्य व्यहोरा वुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**तपसील**

| सि.न. | बोलपत्र नं. | मुद्दा नं. | भएको नम्वर | सवारीको किसिम | इन्जिन नं. | चेसिस नं. | उत्पादन वर्ष | न्यूनतम मूल्य रु |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/०७२/७३ | ८९/०६९/५/१३ | लु २ प ७७४६ | हिरोहोण्डा प्यासन | 03E21M00475 | 03E21C02658 | २००३ | ११००० |
| २. | २/०७२/७३ | १०२/०७१/५/२ | लु २ प १६३९ | हिरोहोण्डा प्यासन | 02J21M15292 | 02J21C25512 | २००२ | ११००० |
| ३. | ३/०७२/७३ | १३३/०७०/५/१४ | नं. प्लेट नभएको | बजाज सि टि १०० | DUMBMK89844 | MD2DDDUZZNWA04528 | | ११००० |
| ४. | ४/०७२/७३ | १३६/०७१/५/१६ | नं. प्लेट नभएको | हिरोहोण्डा स्पेलेण्डर प्लस | 02A18E33680 | 02A20F37072 | २००२ | ११००० |
| ५. | ५/०७२/७३ | २१४/०७१/७/११ | लु २ प ८४३२ | यामाहा क्रक्स | 5TM118123 | 03E5TM118123 | २००३ | ११००० |
| ६. | ६/०७२/७३ | २३९/०६८/१०/३ | लु ५ प ५२५५ | टि भिएस अपाचे | 0E3N62087839 | MD624HE3X62N87652 | | २०००० |
| ७. | ७/०७२/७३ | २६२/०७१/८/१८ | लु २ प १०९३ | हिरोहोण्डा स्पेलेण्डर प्लस | 01D18M08497 | 01D20C13196 | २००१ | ११००० |
| ८. | ८/०७२/७३ | २६२/०७१/८/१८ | ग ३ प २२०६ | बजाज कावासाकी | DDMBGH7839 | DDFBGH19863 | २००१ | ११००० |
| ९. | ९/०७२/७३ | ३१६/०७१/१०/१५ | लु २ प ८८८६ | काईनेटिक | DK51031254 | DK51027094 | १९९९ | ११००० |
| १०. | १०/०७२/७३ | ३१८/०७१/१०/१५ | UP 53 AL 9075 | हिरोहोण्डा स्पेलेण्डर प्लस | HA10EA9HE93153 | MBLHA10EJ9HF11656 | २०१० | १७००० |
| ११. | ११/०७२/७३ | ३३१/०७१/१०/२७ | लु ६ प ५०६९ | अन्ना लिफान | 1P50FMG291197713 | LF3PCC3H19D100034 | २००९ | १५००० |
| १२. | १२/०७२/७३ | ३४१/०७०/११/१४ | लु १ प ९०६४ | YBX Yamaha | 4LS038271 | 99L4LS038217 | १९९९ | १२००० |
| १३. | १३/०७२/७३ | ३४२/०७०/११/१४ | लु १ प ७७९८ | बजाज क्यालिवर | DDMBEM70907 | DDFBEM91006 | २००५ | ११००० |
| १४. | १४/०७२/७३ | ५०५/०७१/३/१९ | UP 56 9914 | हिरोहोण्डा स्पलेण्डर | 02D18E18546 | 02D20F20186 | २००२ | ११००० |
| १५. | १५/०७२/७३ | ५१३/०७१/३/३० | लु ३ प ३२८९ | यामाहा लिवेरो | 5TS359273 | 04L5TS359273 | २००४ | १५००० |
| १६. | १६/०७२/७३ | ६२६/०७०/३/२३ | नं. प्लेट नभएको | टिभिएस अपाच्चे | 0E3K62068115 | MD624HE3962K68212 | | १७००० |

**शर्तहरु**

- बोलपत्रको सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (सातौ दिन सार्वजनिक बिदा पर्न गएका सो को भोलिपल्ट) कार्यालय समयमा न्युनतम् मुल्य रु एक लाख सम्म भएका सवारी साधनको हकमा रु ३००।- र न्युनतम् मुल्य रु एक लाख भन्दा बढी भएका सवारी साधनको हकमा रु १,०००।- बोलपत्र दस्तुर बुझाई (फिर्ता नहुने गरी) यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ। कार्यालयबाट बिक्री नभएको तथा जुन बोलपत्र नम्बरको बोलपत्र खरिद गरेको हो सोही बोलपत्र जसको नाममा जारी भएको हो सो व्यक्ति वा फर्म बाहेक अन्यले बोलपत्र दाखिला गर्न सक्ने छैन। त्यसरी दाखिला हुन आएको बोलपत्र बेरितको मानिने छ।
- बोलपत्र फारम खरिद गर्न चाहनेले व्यक्तीले आफूले लिन चाहेको सवारी साधनको सि.नं. उल्लेख गरी रु १० को टिकट टाँस गरी निवेदन पेश गर्नु पर्ने छ।
- आफूले दर्ता गराउन चाहेको ब्रोलपत्र ८ (आठ) औं दिनको १२:०० बजेसम्म दर्ता गराईसक्नु पर्ने छ, । बोलपत्र दर्ता गराउँदा सिलबन्दी खाम बाहिर बोलपत्र नं., मुद्दा नं. र सवारी साधनको किसिम अनिवार्य रुपमा लेख्नु पर्ने छ। ८ (आठ) औं दिनको  १२:०० बजेसम्म दर्ता हुन आएको बोलपत्र सोही दिन ३:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।
- व्यक्ती, फर्म बा संस्थाले बोलपत्र  पेश गर्दा व्यक्तीको हकमा नेपाली नागरिकताको प्रमाणपत्र तथा अन्यको हकमा व्यवसायिक प्रमाणपत्र, आयकर, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नु पर्ने छ। कार्यालयले आवश्यक ठानेर माग गरेको अवस्थामा सक्कलै पेश गर्नु पर्ने छ।
- बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। सच्याइएको वा केरमेट गरेमा केरमेट गरेको स्थानमा बोलपत्र दाताको दस्तखत हुनु पर्नेछ। कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।
- बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।
- लिलामबाट सकार गरेका सवारी साधनहरुको प्रचलित ऐन नियमानुसार दर्ता गराउने जिम्मा निज लिलाम सकारकर्ताको नै हुनेछ।
- इच्छुक व्यक्तिले सवारी साधन हेर्न चाहेमा यस कार्यालयमा आएर प्रत्येक शुक्रवार कार्यालय समय भित्र हेर्न बुझ्न सकिनेछ।
- यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ।
- यो सूचना http://www.customs.gov.np/district/en/bhairawa/ मा  समेत हेर्न सकिनेछ।

भन्सार अधिकृत